**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचना हक सम्बन्धी नियमावली को नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नाम : वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर**

**सूचना सार्वजनिक गरेको अवधि : २०८0 कातिक देखि २०८० पुस सम्म**

## १. कार्यालयको स्वरूप र प्रकृति

नेपालमा विद्यमान जडीबुटीहरूको पहिचान, संकलन तथा व्यापार व्यवस्थित एवं विकास गर्ने उद्देश्य लिई वि.सं. १९९४ मा वनस्पति फाँटको रुपमा थालनी भई वि.सं. २०१६ मा नेपालमा वनस्पति विविधताको पहिचान, अध्ययन, सदुपयोग, प्रविधि विकास तथा प्रवद्र्धन गर्ने मूल उद्देश्य लिई वनस्पति विभागको स्थापना भएको हो । विभागले लिएको उद्देश्य र लक्ष्यलाई हासिल गर्न वि.सं. २०१९ सालमा मकवानपुर जिल्लाको पदमपोखरीको वृन्दावनमा र २०२२ सालमा दामन र टिष्टुङ्गमा गरी ३ वटा वनस्पति उद्याहरूको स्थापना भएको हो । वि.सं. २०५६ सालमा विभागको सांगठिक पुनसंरचना भई जिल्ला वनस्पति कार्यालय, मकवानपुर स्थापना भएकोमा पुनः वि.सं. २०७५ मा भएको सांगठिक पुनसंरचना अनुसार साविकको जिल्ला वनस्पति कार्यालयको नाम परिमार्जन भई वनस्पति अनुसन्धान केन्द्र मकवानपुर भएको छ र वृन्दावन, दामन र टिष्टुङ्ग वनस्पति उद्यानहरूसमेत यसै अनुसन्धान केन्द्र अन्तर्गत रहेका छन् ।

वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर अन्तर्गतका ३ वटा वनस्पति उद्यानहरूमा ७१० भन्दा बढी प्रजातिका वनस्पतिहरूको वंशाणु स्रोत संरक्षित छन् । जिल्ला भित्रका एवं चुरे क्षेत्रका विभिन्न स्थानबाट वनस्पति सवेक्षण, सँ कलन गरी पहिचान गर्ने र वनस्पतिहरूको हर्वेरियम नमुना संरक्षित गर्ने कार्य गर्दै आइरहेको छ । अध्ययन अनुसन्धान क्षेत्रमा यस केन्द्रले स्थापना कालदेखि विभिन्न जडीबुटी तथा आर्थिक महत्वका वनस्पतिहरूको अध्ययन गरी खेती प्रविधि विकास गरी कृषकहरूलाई तालिम मार्फत प्रविधि हस्तान्तरण गर्ने कार्य गर्दै आइरहेको छ । त्यसैगरी विभिन्न आदिवासी तथा जनजातिहरूले प्रयोग गर्दै आइरहेका वनस्पतिहरूको अभिलेखिकरण गर्दै वनस्पति प्रयोग र संरक्षणबारे सचेतना कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । विरुवा उत्पादन गरी वितरण गर्ने विभिन्न सामग्रीहरू प्रकाशन गरी वितरण गर्ने, पर्यावरणीय सौन्दर्यता बढाइ पर्यापर्यटन अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पु¥याई गरीबी न्यूनीकरणमा सहयोग पु¥याउने लक्ष्यका साथ प्राविधिक तथा विविध सेवा पु¥याउँदै आएको छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकारः

▶ वनस्पति सम्पदाहरूको विस्तृत सवेक्षण, संकलन तथा पहिचान गर्ने,
▶ वनस्पतिहरूको वंशाणु स्रोत संरक्षण गर्ने, वनस्पतिहरुको स्वस्थानीय तथा परस्थानीय संरक्षण गर्ने,
▶ जडीबुटीहरू सम्बन्धी अध्ययन, अनुसन्धान गरी खेती प्रविधि विकास गर्ने,
▶सुगन्धित तेलयुक्त वनस्पतिहरूको तेल प्रतिशत परिक्षण गर्ने,
▶ प्राविधिक दृष्टिले फाइदाजनक जडीबुटीहरुको सूचना प्रवाह गर्ने,
▶परम्परागत वनस्पति उपयोग (Ethno-botanical study) सम्बन्धी अध्ययन, अनुसन्धान गरी वनस्पति तथा जैविक स्रोतको उपयोग सम्बन्धी ज्ञानलाई अभिलेखिकरण गर्ने,
▶ जडीबुटीहरूको विरुवा उत्पादन तथा वितरण गर्ने,
▶ जडीबुटी संरक्षण, खेती तथा प्रशोधनका बारेमा तालिम तथा सेवा प्रदान गर्ने,
▶वनस्पति उद्यानहरुमा टिकेटिङ्ग प्रावधान लागु गर्ने,

## ३. निकायमा रहका कर्मचारीको विवरण :

| क.स. | कर्मचारीको पुरा नाम, थर | पद | श्रेणी | सेवा | समुह/उप समूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रघुराम पराजुली | कार्यालय प्रमुख | रा.प.द्वि. | वन | बोटानी | |
| २ | चन्द्रकला ठाकुर | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | बोटानी | गुनासो सुन्ने अधिकारी |
| ३ | अनिश कुमार कर्ण | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | ने. ईन्जी. | केमेष्ट्री | सूचना अधिकारी |
| ४ | युगल अर्याल | वनस्पति सहायक | रा.प.अन.प्र | वन | बोटानी | |
| ५ | सगीर हुसेन | वनस्पति सहायक | रा.प.अन.प्र | वन | बोटानी | |
| ६ | सानीमाया घिमिरे | लेखापाल | रा.प.अन.प्र | प्रशासन | लेखा | |
| ७ | खेमराज थापामगर | हे.फि.अ. | रा.प.अन.द्वि | वन | बोटानी | |
| ८ | जयराम दाहाल | खरिदार | रा.प.अन.द्वि | प्रशासन | सा.प्र. | |
| ९ | अरुण चौधरी | हे.फि.अ. | रा.प.अन.द्वि | वन | बोटानी | |
| १० | प्रतिज्ञा शर्मा | हे.फि.अ. | रा.प.अन.द्वि | वन | बोटानी | |
| ११ | सुस्मिता चौधरी | हे.फि.अ. | रा.प.अन.द्वि | वन | बोटानी | |
| १२ | निता कुमारी जोशी | हे.फि.अ. | रा.प.अन.द्वि | वन | बोटानी | |

## ४. निकायवाट प्रदान गरिने सेवाः

**जडीबुटी विकास कार्यक्रम**

- ▶ जडीबुटीको गुणस्तरीय बिरुवा वितरण गर्ने,
- ▶ जडीबुटी खेती प्रविधि विकास गरी प्राविधिक सीप हस्तान्तरण गर्ने,
- ▶ जडीबुटी खेती सम्बन्धी प्राविधिक सरसल्लाह तथा परामर्श उपलब्ध गराउने,
- ▶ जडीबुटी तथा वनस्पतिसम्बन्धी शैक्षिक परामर्श तथा सूचना प्रवाह गर्ने,
- ▶ जडीबुटी खेतीप्रति कृषकलाई अभिप्ररित गर्ने,
- ▶ महत्वपूर्ण जडीबुटीहरू सम्बन्धी समयसामयिक अध्ययन, अनुसन्धान गरी स्थानीय जनसमुदायलाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्ने,
- ▶ वनस्पति उद्यान सेवा,

**वनस्पति अनुसन्धान सरंक्षण तथा उधान विकास कार्यक्रम**

- ▶ वनस्पतिहरूको सर्वक्षण गरी दुर्लभ, लोपोन्मुख तथा संकटापूर्ण अवस्थाका वनस्पतिहरूको स्वस्थानीय तथा परस्थानीय संरक्षण गर्ने,

- ▶ वनस्पतिहरूको वंशाणु स्रोतको संरक्षण गर्ने,
- ▶ शोभनीय फूलविरुवा उत्पादन गरी उद्यानलाई मनोरम र रमणिय स्थलको रुपमा विकास गर्दै पर्यापर्यटनमा अभिवृद्धि गर्ने,
- ▶ उद्यान परिसरमा आउने विद्यार्थीहरू, अवलोकनकर्ता, पेशाकर्मी तथा सोधकर्ताहरूलाई वनस्पति तथा उद्यानको महत्वबार शिक्षा दिने तथा उद्यानमा लागु भएको टिकेटिङ्ग प्रावधानको सुव्यवस्थापन गर्ने,
- ▶ स्वदेशी शोभनीय फूल विरुवा अध्ययन, अनुसन्धान गर्ने, तथा वितरण गर्ने,

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि (नागरिक वडापत्र अनुसार)

| क्र. सं. | सेवाहरु | पेश गर्नु पर्ने कागजात | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी | सिकायत सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | वनस्पति उद्यान सम्बन्धी सेवा | | | | | |
| क. | उद्यान अवलोकन भ्रमण, जडीवुटी/वनस्पति अभिलेखीकरण र उपयोगिताबारे जानकारी | मौखिक/लिखित | तुरुन्तै | निःशुल्क | वै.अ.( वोटानिष्ट)/व.स. / हे.फि.अ | का.प्र. |
| ख. | उद्यान भित्र प्रवेश, क्यामरा, भिडियो क्यामरा, सम्मानित वृक्षारोपण, पार्किङ्ग, चलचित्र/म्युजिक भिडियो तथा अन्य सुटिङ्गको लागि शुल्क | मौखिक/लिखित | तुरुन्तै | वन नियमावली २०७९ को अनुसुची २ वमोजिम | वै.अ.( वोटानिष्ट)/ व.स./ हे.फि.अ | का.प्र. |
| २. | जडीबुटी खेती प्रविधि सम्बन्धी प्राविधिक सेवा | | | निःशुल्क | | |
| क. | जडीबुटी नर्सरी/खेती प्रविधि, उत्पादन तथा व्यवसायीकरण सम्बन्धी जानकारी | निवेदन/नमुना | प्राप्त भएको मितिदेखि ३ दिन | निःशुल्क | वै.अ.( वोटानिष्ट)/व.स. / हे.फि.अ | का.प्र. |
| ख. | जडीबुटी विश्लेषण, सुगन्धित तेलयुक्त वनस्पतिहरुको प्रशोधन र तेल प्रतिशत परीक्षण | मौखिक/लिखित | प्राप्त भएको मितिदेखि ७ दिन | निःशुल्क | वै.अ.(केमिष्ट) | का.प्र. |
| ३. | वानस्पतिक नमुना पहिचान | निवेदन/नमुना ( फूल, फल समेतको) | प्राप्त भएको मितिदेखि १५ दिन | निःशुल्क | वै.अ.( वोटानिष्ट)/व.स. / हे.फि.अ | का.प्र. |
| ४. | जडीबुटी तथा विरुवा वितरण | निवेदन | उपलब्धता अनुसार | शुल्क/निःशुल्क | वै.अ.( केमिष्ट)/व.स./ हे.फि.अ | का.प्र. |
| ५. | सूचना प्रवाह/विभिन्न संघ-संस्थाहरुसंग | मौखिक/लिखित | नियमानुसार | निःशुल्क | सूचना अधिकारी | का.प्र. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समन्वय/सहकार्य | | | | | |
| ६. | उच्च माग रहेका ५०% अनुदानका विरुवा वितरण | निवेदन | उपलब्धता अनुसार | रु. ५ प्रतिविरुवा | वै.अ.( केमिष्ट)/व.स./ हे.फि.अ | का.प्र. |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

► Participatory माध्यमवाट स्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको संलग्नतामा स्टाफ मिटिंग गरी निर्णय गर्ने,

►निर्णय गर्नुपर्ने विषयअनुसार लेखा, प्रशासन, योजनासंग सम्बन्धित विषयहरुको रायसहितको टिप्पणी उठाई कार्यालय प्रमुखले सदर गर्ने,

►कार्यालयको आवश्यकता र परिस्थिति अनुसार कार्यालय प्रमुखले अन्य निर्णयहरु गर्ने

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालयले सम्पादन गरेको सेवा तथा कामकारवाहीको सम्वन्धमा जोसुकैले गुनासो पेश गर्न सक्नेछन् र उक्त गुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी "नोडल अधिकृत" को व्यवस्था गरिएको छ।

## ८. कार्यालय प्रमुखको नाम र पदः

नाम- श्री रघुराम पराजुली

पद — वरिष्ठ वैज्ञनिक अधिकृत

फोन नं- ९८५५०१३००५

इमेल- dpromakwanpur@gmail.com

## ९. सूचना अधिकारीको नाम र पद

नाम- श्री अनिश कुमार कर्ण

पद — वैज्ञानिक अधिकृत

फोन नं- ९८५५०१४००३

इमेल- Anishkarna37@gmail.com

## १०. गुनासो सुन्ने अधिकारीको नाम र पदः

नाम- श्री चन्द्रकला ठाकुर

पद — वैज्ञानिक अधिकृत

फोन नं- ९८४९२८६२१७

इमेल- dpr.chandrakala@gmail.com

## ११. ऐन , नियम , विनियम , निर्देशिकाः

- जडीबुटी खेती प्रविधि कार्यविधि , २०७५

- संकटापन्न वन्यजन्तु तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५
- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकाश नीति, २०६१
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि ,२०७५
- स्वस्थानिय तथा पर्-स्थानीय वनस्पति सरक्षण कार्यविधि, २०७५
- जडीबुटी व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका , २०७७
- वन ऐन २०७६ तथा वन नियमावली २०७९
- विभागीय कार्यविधि
- आ.वा २०८०/८१ को जिल्ला दररेट,

## १२. सम्पादन गरेको कामको विवरणः

**कार्यक्रमको नामः १) वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम (पुँजीगत र चालु तर्फका सबै क्रियाकलापहरु)**

| क्र. सं. | क्रियाकलापको नाम | दोस्रो त्रैमासिक लक्ष्य | इकाई | दोस्रो त्रैमासिक प्रगति | रोजगारी सृजना (श्रमदिन) | क्रियाकलाप कार्यान्वयनमा देखिएका समस्याहरु | समस्या समाधानका लागि गरिएको प्रयासहरु तथा समाधानका लागि सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **अ. पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | |
| १ | **मौसमी शोभनीय फूल विरुवा उत्पादन** | ७५०० | वटा | वृन्दावन वनस्पति उद्यान, हेटौंडा, पर्वतीय वनस्पति उद्यान, दामन र टिष्टुङ्ग वनस्पति उद्यान, टिष्टुङ्गमा सयपत्रि (*Tagetus* sp.)-८,६००, *Lisianthus*-१००, *Dahlia*-१००, Sweet pea-१००, मखमली (*Gomphrena globosa*)-२७००, क्यालेन्डुला (Calendula sp.)-४७००, सिलोसिया (*Celosia* sp.) ९००, (*Petunia* sp.)-२,०००, ज्ञानमैजु (*Chrysanthemum* sp.)- | १०५ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ४०००, गरी २३,२०० वटा विरुवा उत्पादन भएको र ३ वटै उद्यानहरुका शोभनीय प्लटहरुमा रोपण भएको । | | | | |
| २ | **बहुवर्षिय शोभनीय फूल विरुवा उत्पादन** | २० | हजार वटा | वृन्दावन वनस्पति उद्यान, हेटौंडा, टिष्टुङ्ग वनस्पति उद्यान, टिष्टुङ्ग र पर्वतीय वनस्पति दामनमा हेबिस्कस (*Hibiscus rosa-sinensis*) -२००, क्रोटन (Codiaeum variegatum) -२०००, डुरेन्टा (*Duranta erecta)* -२८६०, कल्कि (*Callistemon citrinus*)-१००, बेगमबेली *(Bougainvillea* sp.)-२५०, राते फूल (*Coleus* sp.)- १२५०, अपराजिता (*Clitoria ternatea*)-५००, पहेंले फूल (*Allamanda cathartica*)-४००, रातकी रानि *(Cestrum nocturnum)*-७५०,असारे*(Justicia gendarussa)*- १५००, करविर (*Nerium indicum*)- ४४०, हंसराज (*Hydrangea macrophylla*)- १३०० गरी जम्मा **११,५५०** वटा कटिङ्गहरु नर्सरी वेडमा राखेको। | **११५** | | | |
| ३ | **उद्यानमा सिंचाई व्यवस्थापन** | १ | संख्या | लागत अनुमान स्वीकृत गरी निर्माण व्यवसायीसंग सम्झौताको गर्ने कार्य भएको। | | | | |
| **आ. चालुगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | |
| ४ | **Thematic Garden शौन्दर्यीकरण** | १० | संख्या | वृन्दावन वनस्पति उद्यानको रक गार्डेनमा विभिन्न Xerophytic plants सिंउडीहरु (*Opuntia monocantha, Opuntia polyacantha*) का ४५० कटिङ्गहरु propagation का लागि नर्सरी वेडमा राखिएको।<br>Xerophytic plot मा केत्तुकेका ३ प्रजातिहरु (*Agave Americana,* | २०० | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | *Agave attenuata* र *Agave angustifolia*) का ६० वोट रोपण गर्ने कार्य भएको।<br>हेज(Hedge), मेज(Maize), फोलिएज(Foliage), रक(Rock) गार्डेन, लन (Lawn), रोज(Rose) गार्डेन, क्यन्ना (Canna sp.) तथा वेगमवेली लगायतका विभिन्न थिमेटिक अन्तर्गतका प्लटहरुको नियमित स्याहार सम्भार गरेको। | | | | |
| **५** | **सुरक्षा तथा पालो पहरा** | ५ | संख्या | ३ वटै उद्यानहरुको नियमित रेखदेख तथा सुरक्षा गर्ने कार्य भएको । | **१८०** | | | |
| ६ | **उद्यानमा मालि व्यवस्थापन** | ८ | संख्या | ३ वटै उद्यानहरुमा भएका प्लटहरुको नियमित व्यवस्थापन, झाडी फडाँनी, विरुवा रोपण तथा सिँचाई, गोडमेल लगायतका कार्यहरु भएको। | १८० | | | |

## कार्यक्रमको नामः २) जडीबुटी विकास कार्यक्रम (पुँजीगत र चालु तर्फका सबै क्रियाकलापहरु)

| क. सं. | क्रियाकलापको नाम | दोस्रो त्रैमासिक लक्ष्य | इकाई | दोस्रो त्रैमासिक प्रगति | रोजगारी सृजना (श्रमदिन) | क्रियाकलाप कार्यान्वयनमा देखिएका समस्याहरु | समस्या समाधानका लागि गरिएको प्रयासहरुतथा समाधानका लागि सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| अ. पुँजीगत खर्च अन्तर्गतका क्रियाक्लापहरु | | | | | | | | |
| **१** | **उद्यान फेन्सिङ्ग** | १००० | र.मी. | वृन्दावन वनस्पति उद्यानमा स्वीकृत लागत अनुमान बमोजिम १५२ मी.को फेन्सिङ्ग (पर्खाल सहित तारवार) निर्माण कार्य सम्पन्न भएको। | | | | |
| २ | **जडीबूटी गुणस्तरीय विरुवा उत्पादन** | १०,००० | संख्या | वृन्दावन वनस्पति उद्यानमा छतिवन (*Alstonia scholaris*) १२००, रिठ्ठा | **१४५** | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | (*Sapindus mukorossi*)- २००० निम (*Azadirachta indica*) ४०००, चिउरी (*Diploknema butyracea*) १०००, चाँप (*Michelia champaca*) ४०००, कुरिलो (*Asparagus racemosus*)-२०००, अश्वगन्धा (*Withania somnifera*)-५००, कागति (*Citrus sp.*)-६००, लौंठसल्ला- ५००, र अम्बा (*Psidium guajava*)- ५०० गरी कुल १६,३०० विरुवा उत्पादन भएको। | | | | |
| ३ | **ग्रिन हाउस/पोली हाउस/अर्किड हाउस मर्मत सुधार** | ३ | संख्या | लागत अनुमान स्वीकृत गरी निर्माण व्यवसायीसंग सम्झौताको गर्ने कार्य भएको। | | | | |
| **आ। चालुगत खर्च अन्तर्गतका क्रियाक्लापहरु** | | | | | | | | |
| ४ | **जडिबुटि खेति सम्वन्धी तालिम** | १ | पटक | ईन्द्रसरोवर गाँउपालिकाका विभिन्न सामुदायिक वन उपभोक्ता समुह तथा जडीवुटी खेतिमा ईच्छुक कृष्क समुहका १५ जना सहभागीहरुलाई जडीवुटी खेती सम्वन्धी ३ दिने तालिम प्रदान गर्ने कार्य भएको। | | | | |
| ५ | **स्थानिय संचार माध्यमवाट दिगो संकलन, संरक्षण, व्यवस्थापन खेती विस्तार तथा स्थानीय बजारको मूल्य सम्वन्धी चेतनामूलक कार्यक्रम प्रकाशन /प्रशारण** | १ | | यस सम्वन्धी कार्यक्रम सम्पन्न गर्नको लागि TOR तयार गर्ने कार्य भएको। | | | | |
| ६ | **सूचना केन्द्र व्यवस्थापन** | १ | जिल्ला | सूचना केन्द्रको लागि नयाँ जडीवुटी तथा अन्य महत्वपूर्ण वनस्पतिहरुका नयाँ १० थान नमुना संकलन गर्ने | **५०** | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्य भएको।<br>संकलित जडीवुटीका नमुनाहरुको bottle मा व्यवस्थापन गरी उक्त वोटलहरुमा लेवलिङ्ग राख्ने कार्य भएको।<br>विभिन्न प्रजातिका वनस्पतिका ३५ थान हर्वेरीयम तयारी गर्ने कार्य भएको। | | | | |
| ७ | **गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धान गरी सो सम्बन्धी प्राविधिक पुस्तिका तयार** | १ | जिल्ला | पर्वतीय वनस्पति उद्यान, दामनमा धसिङ्ग्रेको विउहरु संकलन गरी ४ फरक माटोको मेडियममा विउ छर्ने कार्य भएको।<br>उम्रेको विउहरुको नियमीत स्याहार-सम्भार गर्ने कार्य भएको। | ७९ | | | |
| ८ | **भेराईटी विकास कार्यक्रम कार्यान्वयन** | २ | प्रजाति/ स्थान | टिष्टुङ्ग वनस्पति उद्यानमा चिराईतो *(Swertia chirayita)* को ८ स्थानका जर्मप्लाजमहरुको संकलन तथा व्यवस्थापन गर्ने कार्य भएको।<br>वृन्दावन वनस्पति उद्यानमा ५ स्थानका मेन्था (*Mentha arvensis)* को सकरहरुको स्याहार-सम्भार गर्ने कार्य भएको। | १०१ | | | |
| ९ | **उन्यू प्रजातिको खेति प्रशारण विधि अध्ययन तथा खेति प्रविधि विकास** | ५ | प्रजाति /स्थान | Ornamental fern को २ प्रजातिहरु *Lepisorous* sp., *Nephrolepus cordifolia* को propagation कार्य हुँदै गरेको।<br>ल्यावबाट अनुसन्धान गरी उत्पादन गरिएको ५५ थान रुख उन्यू *(Alsophila spinulosa)* को विरुवाहरुको ल्यावमा नियमीत स्याहार-सम्भार गरी अनुसन्धान कार्य सम्वन्धी तथ्याङ्क संकलन गर्ने भएको।<br>त्यसैगरी ल्यावबाट उत्पादन भएका न्यूरोहरु (Edible fern) *Tectaria coadunata* र *Diplazium esculentum* को ५५ वोट विरुवा वाहिर नर्सरीमा पोलिपटमा राखिएको। | २५ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा ६ प्रजातिका उन्यूहरुको ल्यावमा propagation सफल भएको। वृन्दावन वनस्पति उद्यानको उन्यू वाटिकामा जम्मा ४५ प्रजातिका उन्यूहरुको संरक्षण व्यवस्थापन गरी लेवलिङ्ग/ट्यागीङ्ग गर्ने कार्य भएको। | | | | | |
| १० | **संकटापूर्ण थप प्रजातिहरुको स्व-स्थानिय संरक्षण कार्य** | ३ | प्रजाति स्थान | बकैया गाँउपालिकाको ठिँगन स्थित भोटे लहराको ३० थान विरुवा वनस्पति विभागको स्वीकृत कार्य विधि अनुरुप पुन:उक्त स्थानमा रोपण गरेको।<br>भोटे लहराको उमार क्षमता तथा यस संग सम्वन्धित अन्य अध्ययन/अनुसन्धानका कार्यको नियमित तथ्याङ्क संकलन गर्ने कार्य भएको। | | | | | |
| ११ | **विद्यालयहरुमा जडिबुटी सम्बन्धि जनचेतना कार्यक्रम** | १ | पटक | मकवानपुरको गढी गाँउपालिका-४,कुसुमटार स्थित मनकामनम माध्यमिक विद्यालयका कक्षा ८,९ र १० मा अध्ययनरत जम्मा ४५ जना विद्यार्थीहरुलाई जडीवुटी तथा दुर्लभ एवं लोपोन्मुख वनस्पतिहरु संग सम्वन्धीत विषयमा सचेतनामूलक कार्यक्रम संचालन गरी कार्य सम्पन्न गरेको। | | | | | |
| १२ | **उद्यानमा नभएका वनस्पतिहरुको संकलन तथा संरक्षण** | ५ | प्रजाति/ स्थान | ३ वटै उद्यानहरुमा निम्न १३ प्रजातिका वनस्पतिहरुको संकलन गरी संरक्षण गर्ने कार्य भएको।<br>ओल (*Amorphophallus campanulatus*), *हैरफा* | ५० | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | *(Phyllanthus acidus),* कमल ( *Nelumbo sp.), Alternanthera bettzickiana 'Green',*(सिँउडी) *Cleistocactus sp.,* सिँघडा (*Trapa natans*), *Phyllanthus reticulatus* (सिक्कट) *Ipomea aquatica* (कर्मी) *Ziziphus nummularia* (सानो बयर), *Tithonia* sp. (असारे) *Justicia gendarussa (*हेज विरुवा*)* *Colquhounia coccinea,* Unknown 1 (अमरा) | | | | |
| १३ | **प्रयोगशाला व्यवस्थापन** | १ | संख्या | ल्यावको नियमित व्यवस्थापन गर्ने कार्य भएको। | ४५ | | | |
| १४ | **प्राविधिक तथा विविध सेवा व्यवस्थापन** | १ | संख्या | कार्य योजना वनाउने कार्य भएको। | | | | |
| १५ | **जडिवुटी समूह/ सहकारी खेती विस्तारको लागी प्राविधिक सरसल्लाह** | १ | पटक | जम्मा- ३ स्थानहरु थाहा-७, डाँडावास, दामन र वृन्दावन वनस्पति उद्यानमा जडिवुटी समूह/ सहकारी खेती विस्तारको लागी प्राविधिक सरसल्लाह सम्वन्धी कार्य सम्पन्न भएको। | | | | |
| १६ | **वनस्पति दिवस** | १ | पटक | कार्य योजना वनाउने कार्य भएको। | | | | |

**कार्यक्रमको नामः ३) वनस्पति विभाग**

| क्र.सं. | क्रियाकलापको नाम | दोस्रो त्रैमासिक लक्ष्य | इकाई | दोस्रो त्रैमासिक प्रगति | रोजगारी सृजना (श्रमदिन) | क्रियाकलाप कार्यान्वयनमा देखिएका समस्याहरु | समस्या समाधानका लागि गरिएको प्रयासहरुतथा समाधानका लागि सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **डेस्कटप कम्प्यूटर खरिद** | १ | वटा | १ थान डेस्कटप कम्प्यूटर र १ थान मोनिटर खरिद भएको। | | | | |
| २ | **कार्यालय भवन मर्मत सुधार** | २ | संख्या | लागत अनुमान तयार गरी सम्वन्धित निर्माण व्यवसायीसंग सम्झौता गर्न समन्वय भएको। | | | | |

## १३. आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण:

| | कार्यक्रमको नाम | वार्षिक वजेट (रु. लाखमा) | | दोस्रो त्रैमासिक अवधिको बजेट (रु. लाखमा) | | दोस्रो त्रैमासिक अवधिको खर्च (रु.) | | दोस्रो त्रैमासिक अवधिको खर्च प्रतिशत (%.) | | हालसम्मको खर्च प्रतिशत (%.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूंजीगत | चालु | पूंजीगत | चालु | पूंजीगत | चालु | पूंजीगत | चालु | पूंजीगत | चालु |
| १. | जडीबुटी विकास कार्यक्रम | ३८ | २४.१३ | ६.७५ | ८.४५ | १९,०४,३४४/- | ६,३७,२६०/- | २८२.२१ | ७५.४२ | ५०.११ | २६.४० |
| २. | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ६ | २७.०७ | २.२५ | ७.२४ | २,४७,४५५/- | ४,३३,६००/- | १०९.९८ | ५९.८९ | ४१.२४ | १६.०१ |
| ३. | साधारण तर्फ | २.२ | १३४.३४ | १.५ | ३३.६२ | - | २७,७९,१२३.५०/- | - | ८२.६६ | - | २०.६९ |

## १५. अन्य विवरणहरु :

| सि.नं. | आवश्यक विवरण | दोस्रो त्रैमासिक प्रगति अवस्था | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | बेरुजु फछ्यौट | | |
| २. | राजश्व संकलन | रु.१,८१,०४५/- | (उद्यान टिकेटिङ्ग शुल्कमा मूल्य अभिवृद्धि कर समेत) |
| ३. | सेवाग्राही संख्या | १,४७१ | |
| ४. | बाह्य आगन्तुक संख्या | १ | |
| | आन्तरीक आगन्तुक संख्या | २४८८ | |
| ५. | रोजगारी सृजना (श्रमदिन) | १२७५ | |
| ६. | बिरुवा वितरण संख्या | ११,४७ | |
| ७. | बिरुवा उत्पादन संख्या | ५१,०५० | |
| ७.१ | जडीबुटीका गुणस्तरीय बिरुवा उत्पादन | १६,३०० | |
| ७.२ | फलफूलको बिरुवा उत्पादन | | |
| ७.३ | मौसमी शोभनीय फूल बिरुवा उत्पादन | २३,२०० | |
| ७.४ | **Avenue** बिरुवा उत्पादन | | |
| ७.५ | बहुवर्षिय बिरुवा उत्पादन | ११,५५० | |
| ८. | वृक्षारोपण क्षेत्रफल | - | |
| ९. | संरक्षित जर्मप्लाज्म संख्या | ६ | |
| १०. | उद्यानमा स्व-स्थानीय तथा परस्थानीय विरुवा संरक्षण संख्या | ६ | |

## १६. राजश्व विवरणः

| **राजश्व विवरण** | **दोस्रो त्रैमासिक अवधिको राजस्व** | **कैफियत** |
|---|---|---|
| पर्यापर्यटन | रु. १,५१,३१०/- | उद्यान टिकेटिङ्ग शुल्कमा मूल्य अभिवृद्धि कर समेत |
| अन्य | रु. २९,७३५/- | ५० % अनुदानको विरुवा वितरण र वोलपत्र विक्रि वापत |

| | | |
|---|---|---|
| जम्मा | रु.१,८१,०४५/- | |

## १७. वन नियमावली २०७९ बमोजिम वनस्पति उद्यानहरुमा शुल्क व्यवस्थापन गरिएको सूचनाः

(ख) वृन्दावन वनस्पति उद्यान हेटौंडा र पर्वतीय वनस्पति उद्यान दामन, मकवानपुर

| क.स. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | प्रवेश शुल्क | |
| | १.१ स्वदेशी नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | १५।- |
| | १० वर्ष माथिका | २५।- |
| | १.२ सार्क मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | ५०।- |
| | १० वर्ष माथिका | १००।- |
| | १.३ अन्य विदेशी मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | १००।- |
| | १० वर्ष माथिका | २५०।- |
| | १.४ विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति) | १०।- |
| २ | पार्किङ्ग शुल्क | |
| | साईकल (थान) | ५।- |
| | मोटर साईकल (थान) | १०।- |
| | अटो (थान) | १५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



| | | |
|---|---|---|
| | कार, जिप, भ्यान (थान) | २५।- |
| | बस,ट्रक(थान) | १००।- |
| ३ | क्यामरा/डिजिटल क्यामरा (थान) | १५।- |
| ४ | भिडियो क्यामरा (थान) | १००।- |
| ५ | चलचित्र सुटिङ्ग/म्युजिक भिडियो तथा अन्य सुटिङ्ग | |
| | सानो पर्दाको लागि (प्रतिदिन) | २,०००।- |
| | स्वदेशी लगानीको चलचित्र (निजी) (प्रतिदिन) | ४,०००।- |
| | स्वदेशी संयुक्त लगानीको चलचित्र (प्रतिदिन) | ७,०००।- |
| | सार्क मुलुकका लगानीका चलचित्र (प्रतिदिन) | १०,०००।- |
| | विवाह तथा अन्य फोटोसुट (प्रतिदिन) | ५००।- |
| ६ | सम्मानित वृक्षारोपण (प्रतिबिरुवा) | २,०००।- |